म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १२९ २०७९ चैत १९ गते आइतबार 2 April 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## रामबहादुरलाई प्रहरीले पक्रियो

हेटौंडाः श्रीमतीलाई धारिलो हतियार प्रहार गरी घाइते बनाउने हेटौंडा-१३ का ६० वर्षीय रामबहादुर छुमीलाई प्रहरीले पक्राउ गरेको छ । शनिबार दिउँसो ३ बजेको समयमा हेटौंडा-१३, बाराचौरका छुमीले ५५ वर्षीया श्रीमती डोल्मा माया लामालाई धारिलो हतियारले ढाडमा हानी घाइते बनाएको प्रहरीले जनाएको छ ।

घाइते लामालाई आफन्तले हेटौंडा अस्पताल पुऱ्याएर उपचार प्रयास गरेका थिए । हेटौंडा अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि लामालाई काठमाडौं रेफर गरिएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले रामबहादुरलाई नियन्त्रणमा लिएको छ ।

### प्रधानाध्यापकको प्रतिबद्धता

# आगामी शैक्षिक सत्रमा अझ राम्रो गर्छौं

जमुना थिङ

हेटौंडाः हेटौंडा–४ स्थित भूटनदेवी माध्यमिक विद्यालय यस वर्षको शैक्षिक सत्रको कमीकमजोरीलाई सुधारेर आगामी शैक्षिक सत्रलाई सबल बनाउने तयारीमा रहेको छ। भूटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधव दाहालले जुन शैक्षिक सत्रमा पनि कुनै न कुनैरुपमा विद्यालयको कमजोरी हुने बताउनुभयो । ती कमीकमजोरीलाई सुधारेर प्रविधिसँग जोडिएर मनोविज्ञान र सामाजिक परिवेशअनुसार नयाँ शैक्षिक सत्र–२०८० मा पठनपाठनलाई अघि बढाउने बताउनुभयो। प्रथम त्रैमासिक परीक्षाको तुलनामा अर्धवार्षिक परीक्षा सन्तोषजनक रहेको छ, उहाँले भन्नुभयो– 'मनोरञ्जनात्मक ढंगले उत्साहित, प्रेरित गरेर विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरण निर्माण गरिनेछ ।'

आगामी चैत्र २६ गतेसम्म विद्यालय तहको परीक्षाको नतिजा प्रकाशन गरिसक्ने उहाँले जानकारी दिनुभयो । त्यसपश्चत् शिक्षण सिकाईमा क्रमशः जोडिएर विद्यार्थी भर्ना अभियानमा विद्यालय लाग्ने उहाँको भनाई छ । प्रधानाध्यापक दाहालले भन्नुभयो– '२ सय ६ जना विद्यार्थी एसईई परीक्षा दिएपछि विद्यालयबाट बाहिरिँदैछन् भने केही विद्यार्थीले बीचैमा पढाई छोडेका छन् । जसले गर्दा विद्यालयको भौतिक संरचना शैक्षिक पुनसंरचनाको आधारमा नयाँ विद्यार्थी भर्ना अभियान अघि बढाइने उहाँले बताउनुभयो । २०७९ को शैक्षिक सत्रमा ३ सय नयाँ विद्यार्थी नयाा भर्ना भएका छन् । नयाा शैक्षिक सत्रमा विद्यालयको क्षमताअनुसार २ सय ५० जना नयाँ विद्यार्थी भर्ना लिने तयारीमा रहेको जानकरी दिनुभयो ।

अधिकतमभन्दा अधिकतम शिक्षामा पहुँच नपुगेका ठाउँमा विद्यालयले भर्ना अभियान चलाइने प्रधानाध्यापक दाहालले बताउनुभयो। विद्यालयले छात्रवृत्ति, शैक्षिक सामग्री र आवासीय छात्रावासको सुविधालाई लिएर तराईदेखि मकवानपुर जिल्लामा भर्ना अभियान सञ्चालन गरिने उहाँले बताउनुभएको छ । 'आवासीय छात्रावास विद्यालयको वृहत् योजना रहेको छ । हालसम्म उक्त योजनालाई कार्यान्वयनमा ल्याउन सकिएको छैन', दाहालले भन्नुभयो– 'पुरानै जिर्ण अवस्थामा रहेको छात्रावासलाई पुनमर्मत गरेर पुनःसञ्चालनमा ल्याइनेछ ।' कोरोना महामारीका कारण २ वर्षदेखि सञ्चालनमा ल्याउन नसकिएको छात्रावास आगामी शैक्षिक सत्रदेखि सञ्चालनमा ल्याउन लागिएको उहाँको भनाई छ ।

हेटौंडा–१, चाइनाक्वाटरमा रहेको अमर माध्यमिक विद्यालयका प्रधानाध्यापक मालती उप्रेतीले नेपाल सरकारको नियमअनुसार आगामी वैशाख ३ गतेदेखि भर्ना अभियान सञ्चालन गरिने बताउनुभयो। विद्यालय भर्ना अभियानअन्तर्गत् घरदैलो कार्यक्रममा निस्किने उहाँको भनाइ छ । पाठ्यपुस्तक वितरणदेखि नर्सरीदेखि केजीको आवधारणामा योजना अघि सारिएको उहाँले जानकारी दिनुभयो । विद्यालयको भौतिक तथा शैक्षिक संरचनाअनुसार करिब २ सय जना नयाँ विद्यार्थी लिने लक्ष्य रहेको उहाँको भनाइ छ । 'विगत कोरोना महामारीकै विद्यार्थी रहेको छ', उहाँले भन्नुभयो– 'ढिला शैक्षिक सत्र सुरु भएकाले माथिल्लो तहका विषयवस्तुको कोर्स सकाउन हम्मेहम्मे भएको छ । जसले गर्दा विद्यालयले चाहेको जस्तो उपलब्धीमुलक शिक्षण सिकाई नभएको बताउनुभयो ।

हेटौंडा–८, कमानेमा रहेको चन्द्रोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक जिधराज ढकालले हेटौंडा उपमहानगरको वार्षिक क्यालेण्डरको आधारमा वार्षिक कार्यक्रम तयार हुने बताउनुभयो। सर्वप्रथम विद्यालय सार्वजनिक स्रोत जुटाउन लाग्नुपर्ने उहाँको भनाइ छ। अंग्रेजी माध्यम व्यवस्थित बनाई नेपाली माध्यमलाई पनि थप व्यवस्थित गर्न विद्यालय लाग्ने उहाँले जानकारी दिनुभयो । आगामी चैत्र २८ गते विद्यालय तहको वार्षिक परीक्षाको नतिजा सार्वजनिक गरिने बताउनुभयो । यस्तै वैशाख ४ गतेदेखि विद्यालय भर्ना अभियानमा लाग्ने उहाँले जानकारी दिनुभयो।

हेटौंडा–६, गौरीटारमा रहेको बालजागृति युवा वर्ष माध्यमिक विद्यालयका प्रधानाध्यापक सम्झना अधिकारीले ६ वटा समूहमा विभाजन गरी परीक्षाको तयारीमा रहेका विद्यार्थीको योजना र अवस्थाबारे घरदैलो अभियान चलाएको बताउनुभयो । जसले ती विद्यार्थी पुनः उक्त विद्यालयमा भर्ना हुन्छ या हुँदैनन् भन्ने कुरा यकिन हुने उहाँको भनाइ छ। चैत्रको अन्तिममा शैक्षिक सामग्री निर्माण कार्यशाला आयोजना गरिने बताउनुभयो । नयाँ पाठ्यक्रमलाई मध्यनजर गर्दै शिक्षक पुनर्ताजगी तालिम दिइने उहाँले बताउनुभयो । यसवर्ष ९० जना नयाँ विद्यार्थी भर्ना भएको बताउनुभयो। आगामी शैक्षिक सत्रमा करिब २ सय जना नयाँ विद्यार्थी भर्ना गर्ने लक्ष्य रहेको जानकारी उहाँले दिनुभयो । आन्तरिक मूल्यांकनलाई देख्ने गरी कक्षाकक्षामा विद्यार्थीको सहभागिता र उपलब्धीबारे सूचना बोर्ड राखिने बताउनुभयो । यस्तै भित्ते लेखनदेखि ई.पुस्तकालय कक्षाअनुसार व्यवस्था गरिने बताउनुभयो ।

यसैगरी हेटौंडा–१६, हटियामा रहेको जनप्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले आगामी चैत्र २६ गते विद्यालय तहको वार्षिक परीक्षाको नतिजा सार्वजनिक गरिने उद्देश्यले तयारीमा लागिएको जानकारी दिनुभयो । अतिरिक्त विभाग, अनुशासन विभाग, सांस्कृतिक विभाग जस्ता १२ वटा विभाग निर्माण गरिएको बताउनुभयो। ती विभागका प्रमुखहरुले आगामी शैक्षिक सत्रका कार्ययोजना तयार पारिरहेको बताउनुभयो। जसले गर्दा विद्यालयको कर्मचारीको संयुक्त बैठकपश्चात् विद्यालयको आगामी कार्ययोजना तयारी हुने उहाँको भनाइ छ। उहाँका अनुसार विद्यालयको क्यालेन्डर अनुसार विद्यालयको वार्षिक कार्यक्रम अगाडि बढाइने जानकारी दिनुभयो । आगामी वैशाख २ गतेदेखि भर्ना अभियान सञ्चालन गरिने उहाँले बताउनुभयो । विद्यालयको क्षमताअनुसार १ सय जना मात्र विद्यार्थी भर्ना लिने तयारीमा रहेको जानकारी दिनुभयो ।

## भालुको आक्रमणबाट बल बहादुर घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-६, प्रतापपुरमा भालुको आक्रमणबाट एकजना घाइते भएका छन् । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने जंगलमा भैंसी खोज्न गएका प्रतापपुरका ४३ वर्षीय बलबहादुर राईलाई शनिबार बिहान ८ बजेर ४५ मिनेटको समयमा जंगली भालुले आक्रमण गरी घाइते बनाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

मध्यवर्ती क्षेत्रमा शुक्रबार दिउँसो गाई-भैंसी चराउनका लागि पठाइकोमा रातीसम्म पनि ३ वटा भैंसी फर्केर नआएपछि शनिबार बिहान बल बहादुर राई र ३५ वर्षीय जय राई जंगल गएको प्रहरीले जनाएको छ । अचानक जंगली भालुले बल बहादुर राईलाई आक्रमण गर्दा राईको टाउको र हातमा भालुले टोकेर घाइते बनाएको र अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ । बल बहादुरलाई उपचारका लागि भरतपुर अस्पताल पठाइएको छ ।

## नुवाकोटमा सवारी दुर्घटना हुँदा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका–४, गोल्फुमा सवारी दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ। दुर्घटनामा ९ जना घाइते भएका छन् ।

सोही स्थान बस्ने २५ वर्षीय छिरिङ तामाङ र १६ वर्षीया मनमाया तामाङको घटनास्थलमै मृत्यु भएको र दुप्चेश्वर–७ बस्ने ४५ वर्षीया सानुकान्छी तामाङ गम्भीर घाइते भई उपचारका लागि ट्रमा सेन्टर लगिएकोमा उपचारको क्रममा ६ बजे मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शुक्रबार दिउँसो १ बजेर ३० मिनेटको समयमा गोल्फुबाट काठमाडौंतर्फ जाँदै गरेको ना १ ज ३९८४ नम्बरको सुमो ब्रेक फेल भई सडकबाट ३ सय मिटर तल खस्दा ३ जनाको मृत्यु भई ९ जना घाइते भएका हुन् । चालकसहित ९ जना मध्यम घाइते भएका छन् । घाइतेहरुको ट्रमा सेन्टर काठमाडौंमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौ र सुनाऔं
The Voice of Community

## इमर्जेन्सीमा दुर्घटनाका बिरामी बढी



हेटौंडा अस्पतालको आकस्मिक कक्षमा उपचार गराउँदै एक घाइते।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको हेटौंडा अस्पतालमा इमर्जेन्सी वार्डमा दुर्घटनाका बिरामी बढी आउने गरेका छन्। दुर्घटनासँगै अस्पतालमा घाइते, कुटपिट, बलात्कृत भएका, कुकुरले टोकेका, सर्पले टोकेका, ज्वरो, सासफेर्न गाह्रो भएका, विष खाएकाजस्ता बिरामी आउने गरेको इमर्जेन्सी वार्डका मेडिकल अफिसर ओमप्रसाद यादवले बताउनुभयो ।

दिनको तीन शिफ्टमध्ये एक शिफ्टमा कम्तिमा ५० जना बिरामी इमर्जेन्सीमा उपचारका लागि आउने गरेको यादवले जानकारी दिनुभयो। दैनिक एक सय ५० भन्दा बढी बिरामीले अस्पतालको इमर्जेन्सीबाट सेवा लिने उहाँले बताउनुभएको छ। इमर्जेन्सीमा उपचारका लागि आउने बिरामीको अचानक मृत्यु पनि हुने गरेको उहाँको भनाई छ। विष सेवन गरेका, दुर्घटनामा घाइते भएकाहरुको अचानक मृत्यु हुने एवम् अस्पताल ल्याउँदै गर्दा बिरामीको बाटोमै मृत्यु हुने गरेको यादवले जानकारी दिनुभयो ।

अस्पतालको इमर्जेन्सीमा आउने मुटुरोगका बिरामी, एमआरआइ गर्नुपर्ने बिरामी, न्यूरो तथा स्ट्रोकका बिरामीको उपचारका लागि काठमाडौं तथा भरतपुर रिफर गर्ने गरेको यादवले जानकारी दिनुभयो । यी रोगका विशेषज्ञ डाक्टर हेटौंडा अस्पतालमा नभएका कारण रिफर गरिने गरेको उहाँले बताउनुभयो।

इमर्जेन्सीमा वयस्क उमेर र बच्चाहरु धेरै मात्रामा आउने गरेका छन्। धेरैजसो ज्वरो, दम र सास फेर्न गाह्रो भएका बिरामी इमर्जेन्सीमा आउने गरेका छन् । विशेषगरी बच्चाहरु ज्वरो र पेट दुखेर आउने यादवले बताउनुभयो। बारा, पर्सा, रौतहटबाट पनि बिरामी आउने गरेका छन् । हेटौंडा अस्पतालको इमर्जेन्सीमा प्रत्येक शिफ्टमा २ जना डाक्टर र ४ जना नर्स बस्ने गरेको यादवले बताउनुभयो।






समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## अस्पतालहरुमा अनियमितता

राजनीतिक अस्थिरता र प्रशासनिक बेथितिले आम सर्वसाधारण नागरिकले अनेकन समस्याहरु झेल्नु परिरहेको छ । अशान्ति, असुरक्षा, महंगी, बेथिति, विसंगति, भ्रष्टाचार, दण्डहीनता आम नेपालीहरुले भोग्दै आएका जटिल समस्या हुन् । महङ्गो मूल्य तिरेर पनि गुणस्तरहीन वस्तु तथा सेवा उपभोग गर्न नपाउनु हाम्रो विडम्बना हो । दैनिक आवश्यकताका वस्तुहरुमात्र होइन, जनस्वास्थ्यसँग जोडिएका सेवाहरुमा पनि अनियमितता भइरहनुले सर्वसाधारण मारमा पर्ने गरेका छन् । स्थानीय प्रशासन तथा सरोकारवाला निकायले समय–समयमा गर्ने अनुगमनले संवेदनशील क्षेत्रमा प्रशस्त लापरबाही भइरहेको प्रमाणित गर्दै आएको छ । अनुगमनबाट थुप्रै अनियमितता, अव्यवस्था र लापरबाही गरेको भेटिए पनि एकाधबाहेक प्रभावकारी कारबाही हुन सकेको छैन । अनुगमन र कारबाहीलाई नियमित बनाइँदा पनि सेवाप्रदायक र सेवाग्राही दुबैलाई सचेत बनाउने भएकाले यसको निरन्तरता हुनुपर्दछ ।

पछिल्ला केही दिनदेखि हेटौंडाका निजी अस्पतालहरुमा जिल्ला प्रशासन कार्यालय मकवानपुरको नेतृत्वमा अनुगमन भइरहेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरको प्रशासकीय अधिकृतको नेतृत्वमा एकीकृत अनुगमन समितिले अनुगमन गर्दा निजी अस्पतालहरुमा धेरै अनियमितता पाइएको छ । औषधी व्यवस्था विभाग वीरगञ्जको प्रतिनिधिसमेत सहभागी अनुगमन टोलीले पछिल्लो दश दिनमा हेटौंडाको सहकारी अस्पताल, सिटी अस्पताल, सन्चो हस्पिटल, मोडल हस्पिटल र चुरेहिल हस्पिटलको अनुगमन गरेको छ । चैत ९ गते बिहीबार मकवानपुर सहकारी अस्पताल र सिटी अस्पतालमा अनुगमन गरिएको थियो । गत सोमबार सन्चो हस्पिटलमा गरिएको अनुमगनमा इजाजत नलिई प्रयोगशाला सञ्चालन गरेको, अस्पतालको फार्मेसी नवीकरण नगरिएको, दुई वर्षदेखि करचुक्ता नगरिएको पाइएको थियो । साथै, अस्पतालको इमर्जेन्सीमा म्याद गुज्रिएको औषधीसमेत पाइएको थियो ।

गत मंगलबार हेटौंडाको मोडेल अस्पतालमा गरिएको अनुगमनमा अस्पतालले पहिलाभन्दा सुधार गरेको भए पनि महिला र पुरुषलाई छुट्टै शौचालय नभएको, नार्कोटिन औषधी बिक्री गर्ने व्यवस्था प्रभावकारी नभएको र म्याद गुज्रिएका औषधी पाइएको, विपन्नलाई निःशुल्क उपचारको योजना नरहेको, सूचना अधिकारीको व्यवस्था नभएको, सेवासँगग सम्बन्धित ऐन नियमावली नबनाइएको, ऐम्बुलेन्सको व्यवस्था नरहेको पाइएको थियो । यसैगरी, चुरेहिल हस्पिटलमा गरिएको अनुमगनमा बिना दर्ता फार्मेसी सञ्चालन गरिएको, फार्मेसीमा म्याद गुज्रिएका औषधी पाइएको, दुई वर्षदेखि करचुक्ता नगरिएकोलगायत अनियमितता पाइएको थियो । अस्पतालहरुको अनुगमन गर्ने क्रममा पाइएका अव्यवस्था र अनियमिततालाई सुधार गर्न निर्देशन दिने काम अनुगमन समितिले गरेको छ । साथै, सन्चो हस्पिटलको ल्याब र चुरेहिल हस्पिटलको फार्मेसी बन्द गर्न निर्देशन दिएको छ ।

नियमनकारी निकायबाट अस्पतालको अनुगमनले सेवाग्राहीलाई सहजता प्रदान गर्दछ । अस्पतालहरुमा देखिएका धेरै प्रकारका अनियमितता तथा अव्यवस्था अन्त्य गर्नका लागि नियमित र आकस्मिक अनुगमनसँगै नियमानुसार कारबाही पनि हुनुपर्छ । यस्ता अनुगमन र कारबाहीले अस्पताल सञ्चालक तथा स्वास्थ्यकर्मीलाई सचेत बनाउँछ । अस्पतालको सेवालाई नियमित र गुणस्तरीय बनाउँदै प्रभावकारी उपचार पाउन सहयोग पुग्दछ । तर, अनुगमनलाई औपचारिकतामा सिमित गराइँदा अव्यवस्थालाई बढाउन मद्दत पुग्दछ । अनुगमन गर्ने, अव्यवस्था र अनियमितता देखाइने अनि दोषीलाई प्रभावकारी कारबाही नहुने अवस्थाले अस्पतालहरुको सेवा सहज र सुधार हुन सक्दैन । अनुगमन गरेजस्तो गरेर औपचारिकतामात्र पूरा गर्ने हो भने सेवाग्राही थप पीडित बन्ने निश्चित छ । अनुगमनको जिम्मेवारी पाएका सम्बद्ध सबै पक्षको संलग्नतामा उचित संयन्त्र निर्माण गरी प्रभावकारी अनुगमन गरी अस्पतालहरुमा देखिएका अनियमितताहरुको अन्त्य आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसायहरु मध्यमकारक रहलान् ।
**वृष** : प्रतिष्ठा र मान बढ्ने समय योग रहेको छ ।
**मिथुन** : सुखसुविधाका लागी धन व्यय हुने समय छ ।
**कर्कट** : भेटघाट र यात्रा योगमा सरिक भइने छ ।
**सिंह** : व्यवहारिक खर्च बढ्ने समय योग रहको छ ।
**कन्या** : प्रयत्नले समय सुध्रिने योग रहेको देखिन्छ ।
**तुला** : कार्यक्षेत्रमा खटिने समय योग रहको छ ।
**वृश्चिक** : आर्थिक लाभ हुने समय योग रहेको देखिन्छ ।
**धनु** : जोखिम र संकटबाट बच्दा राम्रो रहला ।
**मकर** : आत्मीय मित्रसँग भेटघाट हुने समय योग छ ।
**कुम्भ** : कामले समाजमा स्थापित भइने समय छ ।
**मीन** : बिचारको कदर हुने समय योग छ ।

# सङ्क्रमणकालीन न्यायमा अनिष्टकारी ‘सार्वजनिक मौनता’



✍टिका ढकाल

सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयक संसदमा गत चैत्र ३ गते दर्ता भएको छ । करिब नौ वर्षअघि संसदबाट जारी ‘बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलामिलाप आयोग ऐन, २०७१’ मा भएका अस्पष्टता, सर्वोच्च अदालतले विगत पन्ध्र वर्षको अवधिमा दिएका आदेश एवं प्रतिपादन गरेका सिद्धान्त तथा अन्तर्राष्ट्रिय समुदायको सुझाव समेतलाई समावेश गरी नयाँ कानुन बनाउनु पर्ने भएकाले संशोधन विधेयकको आवश्यकता परेको हो ।

कानुनको विषयवस्तुका बारेमा विभिन्न कोणबाट सामान्य बहस भैरहेकै छ र संसदमा केही संशोधन प्रस्तावहरू दर्ता भएका छन् । यद्यपि, विधेयकको गम्भीरताका सापेक्षतामा सरकार र सार्वजनिक वृत्त (नागरिक समाज र सञ्चार माध्यम) ले पूरा गर्नुपर्ने निश्चित जिम्मेवारीहरू माथि दुवैतर्फबाट डरलाग्दो खेलाँची भैरहेको छ ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) माओवादीको अगुवाइमा २०५२ सालदेखि २०६२ सम्म सञ्चालित सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लंघनको छानबिन गर्ने कार्यसँग सम्बन्धित कानुनका रूपमा यस विधेयकले समाजको हरेक तप्कालाई संवेदनशील बनाउने सामर्थ्य राख्दछ । द्वन्द्वका प्रभावले नछोइएका नेपाली परिवार कमै होलान् । व्यक्ति हत्या, अपहरण, बेपत्ता, कुटपिट, सम्पत्ति कब्जा, सार्वजनिक अपमानलगायतका घटनाले ठूलो संख्यामा नागरिकलाई पीडा दिएको यथार्थ ओझेल पार्न सकिन्न ।

नेपाल सरकार र नेकपा माओवादी बीच विक्रम ५ मंसिर २०६३ मा हस्ताक्षरित विस्तृत शान्ति सम्झौताले दशक लामो हिंसात्मक द्वन्द्व अन्त्य गर्दै शान्ति बहाल गऱ्यो । नेपालको वर्तमान राजनीतिक प्रणाली स्थापना गर्न क्रान्तिकारी परिवर्तनको शंखघोष गर्ने त्यही विस्तृत शान्ति सम्झौताका अनेक दफाहरूमा द्वन्द्वकालका मानवता विरोधी अपराध र मानव अधिकार उल्लङ्घनहरूको अनुसन्धान हुने व्यवस्था किटानीका साथ अभिलिखित छ । तसर्थ द्वन्द्वकालीन ज्यादतीको छानबिन हुनुपर्ने ‘माग’ कुनै व्यक्ति वा समूह विशेषको होइन, हाम्रो वर्तमान राजनीतिक प्रकियाकै अभिन्न हिस्सा हो ।

शान्ति सम्झौताको लिखत अनुसार द्वन्द्वकालीन मुद्दाको किनारा लागुन्जेल सम्मको अवधि नेपालको शान्तिप्रक्रिया हो । संविधान सभाको निर्वाचन, नयाँ संविधान निर्माण, माओवादी लडाकू र हतियारको व्यवस्थापन यसै प्रक्रियाभित्र हासिल भएका उपलब्धि हुन् । अन्तिम किस्ताका रूपमा बाँकी रहेको सङ्क्रमणकालीन न्यायको मुद्दा सम्पूर्ण रूपमा टुङ्गो नलागेसम्म नेपालको शान्ति प्रक्रिया पूरा भएको मानिने छैन ।

यस अवधिमा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चहरूमा नेपालको तर्फबाट शान्ति प्रक्रियाको मौलिकता तथा सशस्त्र द्वन्द्व व्यवस्थापनमा देखाइएको वा देखाउन सक्ने क्षमताबारे जनाइएका प्रतिबद्धता एवं व्यक्त गरिएका विचारहरूलाई अन्तर्राष्ट्रिय जगतले सार्वजनिक खपतका लागि बोलिने ‘रिटोरिक’ मात्र मानेको छ ।

वास्तवमा अन्तर्राष्ट्रिय आयाम र नेपाली सेनाको संस्थागत अभिरुचि समेत

**५.२ स्थिति सामान्यीकरणका उपायहरु :**

५.२.१. इच्छा विपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असूली गर्न पाइने छैन ।

५.२..२. आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

५.२.३. दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४. दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गर्ने र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५. दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गंभीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६. दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताकासाथ देशमा विद्यमान सबै स्वरुपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एक अर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७. दुवै पक्ष विभिन्न व्यक्तिहरुलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् ।

५.२.८. दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरु पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरुलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

५.२.९. उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरु आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकुल वातावरण श्रृजना गर्ने कार्यमा सबै राजनीतिक दलहरु, नागरिक समाज र स्थानीय संघ संस्थाहरु समेतको सहयोगमा व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न गराउन दुवै पक्ष सहमतछन् ।

५.२.१०. दुवै पक्ष परिवारका कुनै सदस्य एक अर्को पक्षसँग सम्बद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरुमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दबाब नदिन प्रतिबद्धता जाहेर गर्दछन् ।

५.२.११. नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरुलाई देशको कुनै पनि भागमा स्वतन्त्र रुपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको क्रममा तिनीहरुलाई कुनै पनि किसिमको बाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरुको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन् ।

एकैसाथ जोडिएको कुनै विधेयक वर्तमान संसदमा छ भने त्यो सत्य निरूपण विधेयक मात्रै हो । त्यसैले सङ्क्रमणकालीन न्यायको विश्वसनीय समाधान खोजी गर्नु आज नेपालको महत्वपूर्ण राष्ट्रिय स्वार्थ बन्नगएको छ ।

यस प्रक्रियामा हाम्रो घरेलु सार्वजनिक वृत्तको आवाज जेनेभास्थित अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरूले प्रस्तावित विधेयकका बारेमा नियमित जसो निकाल्ने वक्तव्य भन्दा ठूलो र विवेकपूर्ण हुनु आवश्यक छ । यसको ठीक विपरीत नेपालको सार्वजनिक वृत्तमा चाहिँ द्वन्द्वकालीन मुद्दाको विधिसम्मत निष्कर्ष खोजिनुपर्ने सन्दर्भमा आश्चर्यजनक सन्नाटा साधिएको छ ।

द्वन्द्वको राजनीतिक व्यवस्थापन गर्ने कार्यमा सक्रिय रूपले खटिएको साथै शान्तिप्रक्रिया र गणतान्त्रिक संविधानको स्वामित्व लिन चाहने हाम्रो राजनीतिक ‘डिस्कोर्स’ले सङ्क्रमणकालीन न्यायप्रति देखाएको मौनता मुलुकको लोकतान्त्रिक भविष्य र द्वन्द्व पीडित समुदायको न्यायिक आकांक्षा माथि समेत कुठाराघात हो । यसबाट शान्ति प्रक्रियालाई सम्पूर्ण रूपले निष्कर्षमा पुऱ्याएर नेपालको आत्मविश्वास बढाउने तथा हाम्रो लोकतान्त्रिक प्रणालीको क्षमता अभिवृद्धि गर्ने अवसर एकैसाथ कमजोर हुँदै गएको छ । यसलाई बदल्नुपर्छ र बदल्न सकिन्छ ।

सरकार र सत्तारूढ गठबन्धनले दुई वर्षे समयसीमा तोकेर सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई संसदमा ‘फास्ट ट्रयाक’बाट पारित गर्न चाहेको देखिन्छ । विधेयकमा रहेका कतिपय प्रावधान संशोधन गर्नैपर्ने प्रकृतिका छन् । सदनमा संख्याको बलले ती विषय माथिको बहसलाई रोक्ने प्रयास यसभित्र देखिन्छ ।

जुन कमजोरीका कारणले वर्तमान ऐन निकम्मा बनेको छ, तिनैलाई कुनै न कुनै प्रकारले निरन्तरता दिएर ल्याइने नयाँ कानुनले सङ्क्रमणकालीन न्याय पार लाग्दैन भन्ने यथार्थबोध सरकारलाई भएको देखिंदैन । यसमाथि सार्वजनिक वृत्तको विवेकपूर्ण हस्तक्षेप हुन सकेमा मात्र शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्ने समाधानमुखी मार्गचित्र कोर्न सकिन्छ ।

सङ्क्रमणकालीन न्याय प्रक्रियामा सुसूचित विमर्श हुँदा राजनीतिक रूपले आफूलाई हानिहुन सक्ने विश्लेषण द्वन्द्वको एउटा पक्ष रहेको माओवादी पार्टी र प्रधानमन्त्री पुष्पकमल दाहालको हुन सक्दछ । यस्तो सोच नयाँ भने होइन । कानुन, राजनीति, विदेश सम्बन्ध र प्रशासन मिश्रित विज्ञता चाहिने क्षेत्र भएको हुनाले बुझाईको कमजोरी र राजनीतिक अल्पदृष्टिका कारण यस्ता सोचहरू नेपालको राजनीतिमा सर्वत्र छन् ।

शान्ति प्रक्रिया सुरु भएको सत्र वर्ष बितिसकेको अवस्थामा सङ्क्रमणकालीन न्यायको ‘राजनीतिक उपयोग’ बाट सत्तापक्ष वा विपक्षले लाभ प्राप्त गर्ने गुन्जाइस अब बाँकी छैन । यसबीचका अनुभवले द्वन्द्वपीडित समुदाय धेरै प्रशिक्षित भएको छ, जसले उनीहरूको राजनीतिक प्रयोग गर्न सकिने सम्भावनालाई शून्यप्रायः बनाइदिएको छ ।

नेपालको राजनीति, सार्वजनिक विमर्श र द्वन्द्वपीडितहरूको थकानका कारण सिर्जित शून्यतामा भूराजनीतिक शक्तिहरूले सङ्क्रमणकालीन न्यायलाई औजार बनाउन थालेको स्पष्ट हुँदै गएको छ, जसको पूर्ण जानकारी प्रधानमन्त्री दाहाल, एमाले अध्यक्ष केपी ओली र काँग्रेस सभापति शेरबहादुर देउबालाई छ । यो अवस्था संसद्को बहसलाई निषेध गर्नुभन्दा धेरै नै खतरनाक हो । सिमाना काट्न थालेको द्वन्द्वकालीन मुद्दालाई नेपालकै सर हदभित्र खैंचेर राख्न समेत संसद र सार्वजनिक वृत्तको निर्णायक पहल आवश्यक देखिन्छ । यसका लागि माओवादी पार्टी र प्रधानमन्त्री दाहालले अल्पदृष्टिबाट आफूलाई मुक्तगर्दै रूपान्तरणको बाटो हिंडिरहनु पर्दछ ।

अहिले संसदमा हतार गरेर विधेयक पास गरिहाल्ने र त्यसपछि आयोगहरूको गठन प्रक्रिया सुरु गरेसँगै विधेयकबाट सरोकारवालाहरूको ध्यानमोड्न सकिने सरकारी रणनीति हुन सक्दछ । एउटा कुरा के सत्य हो भने आगामी असार मसान्तभित्र नयाँ कानुनको आधारमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको पुनर्संरचना गर्नैपर्छ । वृहत्तर समाजको ध्यान कुनैपनि बहानामा यसबाट अन्त लैजाने चालबाजी प्रत्युत्पादक हुन्छ ।

सरकारको प्रयास अबका दुई महिना विधेयकमाथि संसदमा पर्याप्त छलफल गराउने, सरोकारवाला पक्षसँग विश्वासको वातावरण निर्माण गर्ने, विधेयकमा अत्यावश्यक संशोधनका लागि तयार हुने र आगामी बजेटमा दुवै आयोगका लागि पर्याप्त मानव स्रोत लगायतको व्यवस्थापन सुनिश्चित गर्न केन्द्रि हुनुपर्दछ ।

‘फास्ट ट्रयाक’का नाममा विधेयक पारित गर्ने बाटोमा जाँदा सर्वोच्च अदालतले विभिन्न समयमा सङ्क्रमणकालीन न्यायको प्रक्रियाका बारेमा दिएका दिशानिर्देशहरू उल्लङ्घन हुनेछन्, जुन अवस्था सरकारको आफ्नै राजनीतिक हितकानिम्ति प्रीतिकर नहुन सक्छ । अन्तर्राष्ट्रिय समुदायले पनि त्यस्तो प्रक्रियाको विश्वसनियता माथि प्रश्न उठाइरहनेछ ।

सरकार र संसदलाई जिम्मेवार बनाउँदै सङ्क्रमणकालीन न्यायमा समाधानमुखी कानुन बनाउने प्रक्रियामा नागरिक समाज र सञ्चार माध्यमले चाहिँ मूलतः तीनवटा दृष्टिदोषबाट आफूलाई मुक्त गर्न आवश्यक छ ।

पहिलो, द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको न्यायिक वा तार्किक समाधान नभएपनि खाटा बस्दै गएका घाउहरू धेरै कोट्याउनु हुँदैन भन्ने हाम्रो सामाजिक मान्यताले सङ्क्रमणकालीन न्यायका बारेमा खोज्न सकिने समाधानबाट नेतृत्वलाई पर धेकेलिरहेको छ । यस्तो धारणाले विस्तृत शान्ति सम्झौताको धारा ५.२ माव्यवस्था गरिएका प्रावधानप्रति विश्वासघात मात्र गर्दैन, द्वन्द्वमा प्रताडित बनाइएका नागरिकमाथिको दायित्वबाट राज्यलाई सम्पूर्ण रूपले विमुख गराउँछ । राज्य हुनुको आधारभूत चरित्र कमजोरको रक्षा गर्नु हो भन्ने मूल सिद्धान्तबाट विचलित हुने राज्यप्रति नागरिकले चाहिँ किन उत्तरदायी भैरहने भन्ने प्रतिचिन्तन विकास गराउन यसले भूमिका खेलिरहेको छ । यतातिर संसद र राजनीतिक दलका शीर्षस्थको ध्यान आकर्षित गर्ने जिम्मेवारी सार्वजनिक वृत्तकै हो ।

दोस्रो दृष्टिले सङ्क्रमणकालीन न्यायमा देखिएको राजनीतिक अकर्मण्यतालाई द्वन्द्वपीडितहरू तिर सारि दिन्छ र भन्छ- पीडितहरू स्वयं विभिन्न राजनीतिक विचारमा बाँडिएकाले द्वन्द्वकालीन मुद्दाको समाधान लम्ब्याउने संगठित प्रयासलाई सहयोग पुगिरहेको छ । यस्तो दृष्टिकोण खोटपूर्ण छ । बहुलता स्वीकारिएको राजनीतिक प्रणालीमा हरेक व्यक्तिका आफ्नै वैचारिक रोजाईहरू हुनु स्वाभाविक हो । न्याय लम्ब्याउने वा अन्याय जारी राख्ने सरकारी कृत्यलाई पुष्टि गर्न द्वन्द्वपीडिततिर फर्केर औंला उठाउने नियत गलत मात्र होइन, निन्दनीय हुन्छ ।

कुनै राजनीतिक दलमा आवद्ध हुनु वा विचार राख्नु नागरिकलाई संविधानले दिएको स्वतन्त्रता हो । कुनैबेला पीडितहरूको एकै आवाज भएका अवस्थामा पनि खासगरी माओवादी पार्टीले सरकारमा आफ्नो नेतृत्व नभएसम्म यस मुद्दालाई समाधान गर्न नचाहेकै थियो । आज त्यो बहाना सकिएको छ । सार्वजनिक वृत्तको रचनात्मक हस्तक्षेपले यसै मौकामा परिणाम दिनसक्छ ।

तेस्रो, माओवादी द्वन्द्व बिसाइएको सत्र वर्ष बितिसकेकोले यसलाई जसरी भएपनि टुंगो लाग्न दिउँ भन्ने एउटा जबर्जस्त विचार देखिन्छ । यो ‘जसरी पनि’ भित्र पराजित मानसिकता छ, जसले सङ्क्रमणकालीन न्यायको सफल बिसौनीबाट नेपालले एउटा सबल राष्ट्रका रूपमा छोटो समयभित्रै आर्जन गर्न सक्ने घरेलु आत्मविश्वास र बाह्य आत्मसम्मानलाई देख्न सकिरहेको छैन वा जनाजान सफल राष्ट्र हुन नदिने कुनै ‘डिजाइन’ अन्तर्गत यस्तो विचारले मलजल पाइरहेको छ । यसबाट मुक्त हुनुपर्दछ ।

सरकार र सार्वजनिक वृत्तले समय छँदै आ-आफ्नो स्थानबाट खेल्न सक्ने सकारात्मक भूमिकाले सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउँदै शान्ति प्रक्रियालाई सही अर्थमा सफल बनाउन सकिन्छ । समय बितिसकेपछि पछुताउने ठाउँसमेत बाँकी नरहन सक्छ । बलजफ्तीबाट सरकारले प्रक्रियाको सुरुवात त गर्ला, तर त्यसको अन्त्यकसले र कसरी गर्छ, भन्न सकिन्न । *(स्रोतः अनलाईनखबर)*




शिक्षक सेवा आयोगको शनिबार सम्पन्न मावि तृतीय श्रेणीको शिक्षकको प्रारम्भिक परीक्षामा हेटौंडा-४, कर्रास्थित श्रमिक मावि परीक्षा केन्द्रमा परीक्षा दिँदै परीक्षार्थीहरु । बागमती प्रदेशमा ७ हजार ५ सय ३८ जनाले आवेदन दिएका थिए । आवेदन दिएका मध्ये झण्डै २० प्रतिशत प्रारम्भिक परीक्षामा अनुपस्थित भएको अनुमान गरिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले जानकारी गराउनुभएको छ ।

## पत्रकार महासंघ केन्द्रीय समिति बैठक:

# सदस्यता शुद्धीकरण गर्ने निर्णय

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आठौं बैठक नवलपरासीको रामग्राममा सम्पन्न भएको छ । महासंघले रुपन्देहीको लुम्बिनीमा ‘ राष्ट्रिय मिडिया सम्मेलन’समेत गरेको छ ।

बिहीबार र शुक्रबार सम्पन्न केन्द्रीय समिति बैठक र राष्ट्रिय मिडिया सम्मेलनले सदस्यता शुद्धीकरण अभियानलाई थप प्रभावकारी बनाउने प्रस्तावलाई सर्वसहमतिबाट पारित गर्दै ९ बुँदे घोषणापत्र जारी गरेको छ । पत्रकार महासंघलाई क्रियाशील पत्रकारको साझा संगठनका रूपमा विकास गर्न सदस्यता शुद्धीकरण अभियानलाई थप प्रभावकारी बनाउने घोषणापत्रको उल्लेख गरिएको छ ।

सदस्यता शुद्धीकरणका लागि तयार मापदण्डमा प्राप्त सुझावलाई समेटेर अन्तिम रुप दिने र प्रस्तावित तालिकाअनुसार नै काम गर्ने प्रतिबद्धता जनाइएको छ । यस्तै, पत्रकारितामा लामो समयदेखि क्रियाशील नभएका र अन्य पेशामा लागेकाहरुलाई सदस्यता परित्यागका लागि आग्रह गरिएको छ ।

आउँदो महाधिवेशनभन्दा ६ महिना अगाडिसम्म कायम सदस्यले मात्रै महासंघको आउँदो चुनावमा मतदान गर्न पाउने व्यवस्थालाई कार्यान्वयन गर्ने, तीनवटै तहका सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हकलाई पूर्णतः कार्यान्वयनमा ल्याउन बनाउनुपर्ने सञ्चार सम्बद्ध कानुनहरु नबनेकोप्रति महासंघले गम्भीर चासो र चिन्ता व्यक्त गरेको जनाइएको छ ।

श्रमजीवी पत्रकार ऐनलगायतका विद्यमान कानुनअनुसारका न्यूनतम पारि श्रमिक, सेवा सुविधालगायत प्राप्तिका लागि सरकार र सम्बन्धित सञ्चारगृहलाई आग्रह गरिएको छ । सञ्चारमाध्यमको दिगो र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि समानुपातिक विज्ञापन प्रणालीलाई तत्काल लागू गर्न माग गरिएको छ ।

पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सबै सञ्चारकर्मीलाई आह्वान गर्ने, पेशागत दक्षता अभिवृद्धि गर्न तालिम तथा वृत्ति विकासका लागि सञ्चालन गर्दै आएका कार्यक्रमलाई अभियानकैरुपमा अघि बढाउने घोषणा गरिएको छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनी, अस्तुधातूमध्येको एक अस्तुधातू रहेको नवलपरासीको रामग्राम, कपिलवस्तुको तिलौराकोट, बुद्धको मावलीस्थल देवदह क्षेत्रको प्रचारप्रसार, सम्बर्द्धन, संरक्षण र आवश्यक पूर्वाधार विकासका लागि लुम्बिनी विकासको गुरुयोजना पूर्ण कार्यान्वयनका लागि सबै तहका सरकार तथा लुम्बिनी विकास कोषलाई आग्रह गरिएको घोषणापत्रमा उल्लेख छ ।

# बागमतीका अग्नि पीडितलाई व्यवसायीको सहयोग


*अग्नि पीडितलाई सहयोग सामग्री हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-२, कालिखोलाका अग्नि पीडितलाई सहयोग हस्तान्तरण गरिएको छ । मकवानपुरका व्यवसायीको एक समूहले शनिबार पीडित परिवारमै पुगेर गाउँपालिकाका अध्यक्ष सर्केश घलान, वडा अध्यक्ष जनक पहरीको उपस्थितिमा सहयोग सामग्री हस्तान्तरण गरेका छन् ।

गत आइतबार दिउँसो वन क्षेत्रको डँढेलोले बागमती गाउँपालिका-२, कालिखोलाका सन्त बहादुर स्याङ्तानको घर जलेर नष्ट भएको थियो । आगलागीबाट १५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको थियो । आगलागीबाट ७० वर्षीय आइतसिंह स्याङ्तान सामान्य घाइते समेत भएका थिए ।

कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुर, सिलाई व्यवसायी संघ मकवानपुर, मकवानपुर भाडा व्यवसायी संघ, चप्पल जुत्ता व्यवसायी संघ मकवानपुरको संयुक्त प्रयासमा खाद्यान्न, लत्ता-कपडा, भाँडाकुँडा सहयोग गरिएको कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुरका अध्यक्ष नेत्र प्रसाद खतिवडाले जानकारी दिनुभएको छ । अग्नि पीडितलाई खाद्यान्न व्यवसायी बिष्णु प्रसाद खतिवडाले पनि सहयोग गर्नुभएको छ । व्यवसायीले ११ जनाको स्याङ्तान परिवारलाई एक महिनालाई पुग्ने गरी सामग्री हस्तान्तरण गरेको खतिवडाले जानकारी दिनुभयो ।

# घिमिरे महासचिवमा निर्वाचित



समाज संवाददाता

**हेटौंडाः नेपाल जग्गा तथा आवास विकास महासंघको प्रथम अधिवेशनबाट मकवानपुरका व्यवसायी ध्रुव घिमिरे महासचिव निर्वाचित हुनुभएको छ । शनिबार काठमाडौंमा भएको अधिवेशनले सर्वसम्मत नेतृत्व चयन गर्ने क्रममा मकवानपुरका घिमिरे महासचिव निर्वाचित हुनुभएको हो । घिमिरे मकवानपुर घर जग्गा व्यवसायी संघको अध्यक्ष समेत हुनुहुन्छ ।**

**अधिवेशनबाट अध्यक्षमा भेषराज लोहनी, वरिष्ठ उपाध्यक्षमा दीपक कुमार मल्होत्रा, उपाध्यक्षमा राजकुमार राई र बिदुर धमला निर्वाचित हुनुभएको छ । यस्तै सचिबमा राम सुन्दर बाके, कोषाध्यक्षमा रोशन भोयधो निर्वाचित हुनुभएको छ । यस्तै सदस्यमा घनश्याम पोखरेल, अरुण स्त्रोम त्रिपाठी, बाबुराम अधिकारी, दशरथ पौडेल, श्रीधर महरा क्षेत्री र पूर्णिमा राजभण्डारी निर्वाचित हुनुभएको छ ।**

# काठमाडौं वर्ल्डको प्रवर्द्धनात्मक कार्यक्रम

समाज संवाददाता

हेटौंडाः भक्तपुरस्थित काठमाडौं वर्ल्ड स्कूलले हेटौंडामा आफ्नो प्रवर्द्धनात्मक कार्यक्रम गरेको छ । शुक्रबार हेटौंडाको एभोकाडो होटेलमा स्कूलको शैक्षिक क्रियाकलाप, अध्ययन-अध्यापनको शैली-ढाँचा, विद्यार्थीले प्राप्त गर्ने सुविधा, शिक्षक, कर्मचारीको दक्षताका बारेमा जानकारी गराइएको थियो ।

स्कूलका प्रिन्सिपल केशर बहादुर खुलालले विद्यालयको विषयमा जानकारी दिनुभएको थियो । यस्तै स्कूलका अध्यक्ष डा. मिथिलेश कुमार झाले काठमाडौं वर्ल्ड स्कूलले एक विद्यार्थी एक सीपको अवधारणा लिइएको जानकारी दिनुभयो । नेपालमा विदेशी विद्यार्थीलाई भित्र्याउन सरकारको नीति अनुकुल नभएको टिप्पणी गर्नुहुँदै भन्नुभयो, “अहिले पनि विद्यालय शिक्षाका लागि विदेशिने विद्यार्थी प्रसस्त छन् । हामी विद्यालय शिक्षालाई देशभित्रै अन्तर्राष्ट्रियस्तरको बनाई विदेशिनुपर्ने बाध्यता हटाउने प्रयासमा छौं ।”

स्थापनाको ४ वर्ष पुरा हुँदै गर्दा नेपालमै अन्तर्राष्ट्रिय स्तरको विद्यालयको रुपमा काठमाडौं वर्ल्ड स्कूल स्थापित भएको उहाँले दावी गर्नुभयो । काठमाडौं वर्ल्ड स्कूलका विद्यार्थीलाई विश्वस्तरीय नागरिक बनाउने गरी शिक्षा दिइरहेको र अनुभवमा आधारित शिक्षा प्रदान गर्ने प्रयास गरिएको डा. झाले स्पष्ट पार्नुभयो । कार्यक्रममा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरन बहादुर जोशीले विद्यालय तहमा नेपालमै गुणस्तरीय शिक्षा लिने अवस्था रहेको बताउनुभयो । विश्वविद्यालय तहको शिक्षाप्रति भने नेपालका शैक्षिक संस्थाहरुप्रति विद्यार्थीको अविश्वास रहेको उहाँले बताउनुभयो । प्रिन्सीपल जोशीले निजी क्षेत्रका संस्थाले कमाउने मात्रै या सामाजिक सेवाको क्षेत्रमा योगदान गर्ने भन्नेमा ध्यान दिनुपर्ने बताउनुभयो ।

# मामाघरलाई सहयोग

समाज संवाददाता

**हेटौंडाः हेटौंडा–११ स्थित मामाघर नेपाललाई शनिबार एक दम्पत्तीले स्वेच्छिकरुपमा सहयोग गरेका छन् । हेटौंडा–४ निवासी लक्ष्मण आचार्य र विष्णुमाया आचार्यको दम्पत्तीले मामाघरलाई स्वेच्छिक सहयोग गर्नुभएको हो ।**

**सडक बालबालिकाको व्यवस्थापनमा सक्रिय मामाघर नेपाललाई चामल ६५ किलोग्राम, बिस्कुट २ प्याकेट सहयोग गरिएको छ । यस्तै, नगद एक हजार ५ सय रुपैयाँसमेत सहयोग गरिएको छ ।**

# चितवनमा एकैदिन दुईजनाको शव फेला

समाज संवाददाता

**हेटौंडाः चितवनको भिन्न भिन्न स्थानमा एकैदिन दुई वटा शव फेला परेको छ । भरतपुर महानगरपालिका र माडी नगरपालिकामा दुई जनाको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।**

**चितवन जिल्लाको भरतपुर महानगर पालिका–९, बगईमा एक जना बालक मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मृत फेला पर्नेमा राम रानाभाटका १८ महिने छोरा प्रदिप रानाभाट रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बालक बिहीबार हराएको खबर प्राप्त हुनासाथ प्रहरी टोलीले खोजतलास गर्ने क्रममा ११ बजेको समयमा घर नजिकैको कुलोको ह्युमपाइपमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।**

**चितवन जिल्लाको माडी नगर पालिका–९, टमट्टामा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ४७ वर्षीय शिवप्रसाद भण्डारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । भण्डारी बुधबारदेखि घरबाट हिँडेकोमा आफन्तले खोजतलास गर्ने क्रममा बिहीबार बिहान ८ बजे घर नजिकै बारीमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । अनुसन्धान गर्दा भण्डारीले अत्याधिक मादकपदार्थ सेवन गर्ने गरेको पाइएको र शव पोष्टमार्टमका लागि भरतपुर अस्पतालमा लगिएको प्रहरीले जानकारी दिएको छ ।**

# मानव अधिकार संरक्षण मञ्च मकवानपुरको संयोजकमा देउला

समाज संवाददाता

**हेटौंडाः मानव अधिकार संरक्षण मञ्च नेपाल मकवानपुर जिल्ला समितिको संयोजकमा रामकृष्ण देउला चयन हुनुभएको छ । शुक्रबार हेटौंडामा भएको भेलाले देउलालाई मञ्चको संयोजक चयन गरेको हो ।**

**समितिको सचिवमा पदम विकल र सदस्यहरुमा ऋषिराम पोखरेल, सुशील मुडवरी, गोकर्ण खनाल, भोगेन्द्र लुईंटेल, बालकृष्ण अधिकारी, सानुभाइ विश्वकर्मा, रामशरण बानियाँ र निर्मल घिमिरे चयन हुनुभएको छ । ३ सदस्य पछि मनोनयन गरिने जनाइएको छ ।**

**समितिको सल्लाहकारहरुमा समितिका निवर्तमान संयोजक अरुण खतिवडा, नवराज शर्मा र केसरी पौडेल चयन हुनुभएको छ ।**

# करेन्ट लागेर बालकको मृत्यु

समाज संवाददाता

**हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका–४, फलामेचौरमा करेन्ट लागेर एक जना बालकको मृत्यु भएको । मृत्यु हुनेमा १२ वर्षीय दीपेश श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहीबार दीपेश खेतबाट काम गरी फर्किने क्रममा घर नजिक रहेको एघार हजार भोल्टेजको मेन लाइनले तान्दा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । दीपेशका बुवा ४० वर्षीय फत्तबहादुर श्रेष्ठ करेन्ट लागेर गम्भीर घाइते भएका छन् । घाइते फत्तबहादुरलाई उपचारका लागि पाटन अस्पताल लगिएको र बालकको लास पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।**

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

हेटौंडा, मकवानपुर




## श्री पन्चकन्या आधारभूत विद्यालय

बागमती गाउँपालिका–४, मकवानपुर

**शिक्षक आवश्यकता**

बागमती गाउँपलिकाको कार्यालय झुरझुरे मकवानपुरको मिति २०७९/१२/१७ को च.नं. १६८३ को अनुदान शिक्षक पदपूर्तिका लागि अनुमति पत्र अनुसार यस विद्यालयमा प्राप्त निमावि तहको विज्ञान अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

विज्ञापन नं.: -०१/२०७९/०८०
तहः निमावि विज्ञान
दरबन्दीको प्रकारः अनुदान कोटा
नियुक्तिको प्रकारः करार
संख्याः ०१ (एक)
योग्यताः मुख्य विषय विज्ञान लिई +२ वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने ।
उमेरः १८ बर्ष पूरा भै ४० बर्ष ननाघेको ।
तलब भत्ताः नेपाल सरकारले तोके बमोजिम ।
निवेदन दस्तुरः १५००/-
दरखास्त दिने अन्तिम मितिः २०८०/०१/०२ गते ४:०० बजेसम्म
सम्पर्क मितिः २०८०/०१/०२ परिक्षा मिति सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किसिमः लिखित अन्तरवार्ता (नयाँ पाठ्यक्रम अनुसार हुने)
दरखास्त बुझाउने स्थानः श्री पञ्चकन्या आधारभूत विद्यालय पाँचपाण्डव

**आवश्यक कागजातहरू:**

शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरू २/२ प्रति
नागरिकता र अध्यापन अनुमति पत्रको प्रतिलिपिहरु २/२ प्रति
हस्तलिखित निवेदन २/२ प्रति (फाइलमा फाइलिङ) हुनुपर्ने
थप जानकारीका लागि अध्यक्ष-९८६९१८३४१९ प्रअ ९८६५३७९६८८

हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# चर्च ब्वाईजलाई जीतपुर–सिमरा गोल्डकप




समाज संवाददाता

सिमराः हिमालयन शेर्पा क्लबलाई २-० ले स्तब्ध पार्दै चर्च ब्वाईज यूनाईटेडले बाराको सिमरा रङ्गशालामा जगदम्बा १३ औं जीतपुर-सिमरा गोल्डकपको उपाधि जितेको छ । उपाधिसँगै चर्च ब्वाईजले दश लाख नगद र ट्रफी हात पाऱ्यो भने उपविजेता हिमालयन शेर्पाले पाँच लाख रुपैयाँमा चित बुझ्रायो ।

प्रतियोगितामा पहिलो पटक सहभागी चर्च ब्वाईजलाई जीतपुर-सिमरा गोल्डकपको ट्रफी दिलाउने क्रममा कप्तान मिलन राई र आशिष चापागाँईले गोल गरे। खेलको शुरुवातमै १० खेलाडीमा समेटिएको हिमालयन शेर्पाले सिमराका समर्थक माझ जितका लागि अन्तिमसम्म संघर्ष गरेको थियो। खेलको छैठौं मिनेटमा हिमालयन शेर्पाका दिवस उराव रातो कार्ड खाँदै मैदानबाट बाहिरिएका थिए। सेन्टर लाईनबाट बल अघि बढाउँदै शेर्पाको डि-एरिया प्रवेश गरेका चर्च ब्वाईजका रन्जित पान्द्रेलाई लडाएपछि हिमालयनका डिफेण्डर उरावलाई फिफा रेफ्रि नविन्द्र महर्जनले सिधै रातो कार्ड देखाएका थिए।

दश खेलाडीमा सीमित बनेर पनि चर्च ब्वाईजलाई शेर्पाले पहिलो हाफको अन्तिमसम्म कडा चुनौति दिएको थियो। खेलको ३५ औं मिनेटमा मिलन राईले फ्रि-किक गोल गर्दै टिमलाई १-० को अग्रता दिलाए। डिबक्स बाहिरबाट कप्तान मिलन राईले गरेको प्रहार सिधै जाली चुमेको थियो । उनको प्रहारलाई रोक्न हिमालयन शेर्पाका गोलकिपर किशोर गिरी असफल देखिए । दोश्रो हाफको ईन्जुरी समयमा आशिष चापागाईले गोल गर्दै अग्रता दोब्बर बनाए । काउन्टर एट्याकमा आशिषले मैदानको मध्य भागबाट एक्लै बल अघि बढाउदै टीमका लागि दोश्रो गोल गरे ।

विधागत पुरस्कारतर्फ पनि उपाधि विजेता चर्च ब्वाईजकै बर्चस्व रह्यो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाईजका डिफेण्डर कमल श्रेष्ठ घोषित भए। उनले टिभीएस राइडर मोटरसाईकल प्राप्त गरे । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक चर्चका युएस प्रिसो, डिफेण्डर फ्र्यांकलीन टाला, मिडफिल्डर सुवास गुरुङ र प्रशिक्षक प्रदीप हुमागाँई घोषित भए । उनीहरुले समान २० हजार नगद प्राप्त गरे । प्रतियोगिताको उत्कृष्ट फर वार्ड हिमालयन शेर्पाका सुशील राई घोषित भए । उनले २० हजार प्राप्त गरे । सर्वाधिक गोलकर्ता भरतपुर फुटबल क्लबका सुनिल श्रेष्ठ घोषित भए उनले २० हजार नगद प्राप्त गरे। प्रतियोगिताको उदीयमान खेलाडी नवजनजागृती यूवा क्लब सिमराका दिलीप माझी घोषित भए । उनले नगद पन्ध्रहजार प्राप्त गरे । अनुशासित टिमको ट्रफी मकवानपुर ११ ले जित्यो । फाइनल खेलको म्यान अफ दि म्याच चर्च ब्वाइजका डिफेण्डर फ्र्यांकलीन टाला घोषित भएका थिए ।

विजेता र उपविजेता टिमलाई उपराष्ट्रपति रामसहायप्रसाद यादवले पुरस्कार वितरण गर्नुभएको थियो । नव जनजागृति युवा क्लब, सिमरा, बाराको आयोजना तथा जगदम्बा स्टिलको मुख्य प्रायोजनमा चैत ९ गतेदेखि शुरु प्रतियोगितामा कुल १० टोलीहरुले सहभागिता जनाएका थिए । प्रतियोगितामा मकवानपुर-११ को पनि सहभागिता रहेको थियो । मकवानपुर-११ सेमिफाइनलमा हिमालयन शेर्पा क्लबसँग पराजित भएको थियो ।

# इन्द्रसरोवरमा विद्यालय विकास प्रस्ताव माग

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुबाट विद्यालय विकासका लागि प्रस्ताव माग गरिएको छ । शनिबार गाउँपालिकाले सूचना प्रकाशित गर्दै लाई विद्यालय विकास कार्यक्रमका लागि प्रस्ताव पेश गर्न आह्वान गरेको हो ।

विद्यालयका प्रधानाध्यापकहरुसँग विद्यालय विकास प्रस्तावनाका आधारमा कार्यसम्पादन करार सम्झौता गर्न गाउँपालिकाले आह्वान गरेको छ। शैक्षिक सत्र २०८० का लागि प्रधानाध्यापकहरुलाई आगामी वैशाख १५ गतेभित्र प्रस्ताव पेश गर्न सूचनामा उल्लेख छ ।

सेवा क्षेत्रको जनसंख्या, विद्यालयको भौतिक अवस्था, विद्यालयको शैक्षिक अवस्था, विद्यालय-समुदाय सम्बन्ध, विद्यालयको आर्थिक अवस्थासहित प्रकाशित सूचनामा आधारित भई प्रस्ताव पेश गर्नुपर्ने बताइएको छ । प्रस्तावित योजना शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकीय हुनुपर्ने सूचनामा उल्लेख छ ।

यस्तै, आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरु समावेश गरी कार्ययोजना प्रस्तुत गर्नुपर्ने छ । संस्थागत क्षमता विकासअन्तर्गत् जनशक्ति विकास र भौतिक संरचना विकासबारे पनि प्रस्तावमा उल्लेख गर्नुपर्ने जनाइएको छ ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

# राष्ट्रका लागि संगीत अभियात्रा टोलीको प्रस्तुति

समाज संवाददाता

हेटौंडाः राष्ट्रलाई सही बाटोमा हिँडाउने उद्देश्यले जनवादी कलाकारहरुले देशब्यापीरुपमा सञ्चालन गरेको राष्ट्रका लागि संगीत अभियानका टोलीले हेटौंडामा प्रस्तुति गरेको छ । शनिबार हेटौंडाको रोयल पार्टी प्यालेसमा वरिष्ठ जनगायकहरु जीवन शर्मा, माधव प्रधान, ओम श्रेष्ठ, उदय श्रेष्ठ र जनवादी गीतकार तथा संगीतकार मणि थापाले जनसांस्कृतिक प्रस्तुति गर्नुभएको हो ।

कार्यक्रममा बरिष्ठ जनगायक माधव प्रधानले मदन भण्डारीले लेख्नुभएको 'गएर भन्देउ न नेपाली दिदी बहिनीलाई', ओम श्रेष्ठले 'देश जनताको नाम हो' र उदय श्रेष्ठले 'हामी जिउँदै छम्' गीत प्रस्तुत गर्नुभएको थियो । प्रगतिशील गीतकार/संगीतकार एवम् गायक मणि थापा, जनगायकहरु चिरन सिं, निलिमा पुन, कर्ण बिद्रोही, मोहित श्रेष्ठ, लक्ष्मी रिजाल, केशर कालिकोटे, बिहानी विक र सुशीलसिंह ठकुरीले सांस्कृतिक प्रस्तुति गर्नुभएको थियो ।

राष्ट्र संकटमा परेकाले देशलाई संकटको भूमरीबाट बचाउन जनसांस्कृतिक अभियान सुरु गरेको र अभियानले विभिन्न चिरामा विभक्त रहेका वाम पार्टीहरुलाई एकढिक्का हुन अभिप्रेरित गर्ने विश्वासले अभियान सञ्चालन गरिएको बताइएको छ । राष्ट्रको लागि संगीत अभियात्रा टोलीले चैत ४ गते धनगढीबाट सुरु गरेको संगीत यात्रा ७ गते सुर्खेतमा, १० गते घोराहीमा, १३ गते बुटवलमा, १६ गते चितवनमा र १८ गते हेटौंडामा प्रस्तुति दिएका हुन् । विभिन्न स्थानमा सांगीतिक प्रस्तुति गर्दै बैशाख ५ गते काठमाडौंमा सांगीतिक प्रस्तुति गरेर कार्यक्रम समापन गरिने अभियन्ताहरुको भनाई छ ।

प्रस्तुतिको क्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, विभिन्न वाम लोकतान्त्रिक दलका नेता कार्यकर्ता, विभिन्न ओहदाका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# विदेशिएका उमेशद्वारा कविता वाचन




*कविता वाचन गर्नुहुँदै उमेश तिमल्सिना।*

समाज संवाददाता

हेटौंडाः वैदेशिक रोजगारको शिलशिलामा जापान पुग्नुभएका कवि उमेश तिमल्सिनाले हेटौंडामा कविता वाचन गर्नुभएको छ । शनिबार साहित्य संगम मकवानपुरको सभाहलमा उहाँले ६ वटा शीर्षकमा कविता वाचन गर्नुभएको हो ।

उहाँले डाँकसाइट, रिक्तता, अभावको अनुहार, सपना, घर छाड्नुअघिको रात र प्रश्न शीर्षकमा कविता वाचन गर्नुभयो । उमेशले प्रश्न शीर्षकको कविता भने जापानिज भाषामा वाचन गर्नुभयो । वैदेशिक रोजगारीको शिलशिलामा कविता लेखेको उहाँले जानकारी दिनुभयो। संगमको यस कार्यक्रमले आफूलाई कविता लेखनमा निरन्तरता दिन प्रोत्साहित गरेको उहाँको भनाई छ ।

संगमका पूर्वअध्यक्ष सुवास खनालले कवि तिमल्सिनाको व्यक्तित्वबारे चर्चा गर्नुभयो । २०५५ सालमा जन्मनुभएका तिमल्सिनाले हेटौंडाको महेन्द्र माध्यमिक विद्यालयबाट विद्यालय तहको शिक्षा हासिल गरेको जानकारी दिनुभयो । तत्कालीन समयमा शिक्षण पेशामा आवद्ध तिमल्सिना २०७४ सालमा संगमको सचिवसमेत हुनुभएको थियो । ४ वर्षअघि वैदेशिक रोजगारीको शिलशिलामा जापान पुग्नुभएका तिमल्सिना विदामा स्वदेश फर्किनु भएपछि एकल कविता वाचनमा उपस्थित हुनुभएको हो । साहित्य संगमकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । संगमको आयोजनामा भएको कार्यक्रममा कवि, गजलकार, मुक्तककार र सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

# लागुऔषध गाँजासहित दुई जना पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ बाट लागुऔषध गाँजासहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा हेटौंडा-१८ का मोटरसाईकल चालक २१ बर्षीय सुबोध बानियाँ र मोटरसाइकलमा सवार हेटौंडा-११ का २६ बर्षीय संजय बिश्वकर्मा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

शुक्रबार थानाभर्याङबाट सिमलटार जाँदै गरेको ना ३१ प ६९५६ नम्बरको मोटरसाइकललाई सुरक्षाजाँच गर्दा बानियाँको साथबाट लागुऔषध गाँजा ४ सय ग्राम फेला परेको प्रहरीले जनाएको छ । लागुऔषध गाँजासहित बानियाँ र बिश्वकमालाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# सहकारी दिवसको अवसरमा ३६ जनाले रक्तदान गरे




*शनिबार बिहान रक्तदान गर्दै रक्तदाता ।*

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय सहकारी दिवसको अवसरमा हेटौंडामा आयोजित रक्तदान कार्यक्रममा ३६ जनाले रक्तदान गरेका छन्। शनिबार बिहान हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । ३६ पिन्ट रगत संकलन भएसँगै रक्तसञ्चार केन्द्रलाई मागअनुसारको रगत वितरण गर्न केही सहज हुने रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटाको भनाइ छ ।

चैत महिनाको पहिलो दुई साता रक्तदान कार्यक्रम नहुँदा रगतको अभावको स्थिति आएको थियो । रगतको अभाव हुँदा रक्तसञ्चार केन्द्रले बोलाउँदा आउने रक्तदाता (अनकल डोनर) लाई रक्तसञ्चार केन्द्रमै बोलाएर रगत संकलन गर्ने गरेको छ। रगतको अभावकै कारण रक्तसञ्चार केन्द्रले एकैदिन २२ जनालाई केन्द्रमा बोलाएर रगत संकलन गरेको प्राविधिक सापकोटाले बताउनुभएको छ । रगतको अभाव भएको भन्ने समाचार सार्वजनिक भएपछि गत बुधबार हेटौंडा-११, थानाभर्याङस्थित नेपाल इकरात कम्पनिले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । बुधबार पनि ३६ जनाले रक्तदान गरेका थिए । यसैगरी यही चैत २५ गते मकवानपुरगढी गाउँपालिकास्थित जागरण बचत तथा ऋण सहकारी संस्थाले रक्तदान कार्यक्रमको आयोजना गर्दैछ ।

मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ